लिम्चुङबुङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बाराहा, उदयपुरप्रदेश नं.१, नेपाल

सेवा करारमा कर्मचारी पदपूर्ति गर्नेसम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/१२/१०

लिम्चुङबुङ गाउँपालिकाको लागि तपशिल बमोजिमको पदहरुमा सेवा करार माध्यमबाट पद पूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता भएका ईच्छुक उमेदवारहरुले सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्र कार्यालय समयमा गाउँकार्यपालिकाको कार्यालयमा रि तर्वूकको दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । रितपूर्वक पेश नभएका निवेदन उपर कुनै कारवाही गरिने छैन ।

तपशिल

क.स.	बिज्ञापन नं.	पद	तह	माग संख्या	आवेदन दस्तुर	कै.
१	१६/२०७८/७९	अ.न.मी.	स. चौथो	पाँच (५) जना	रु.५००।-	
२	१७/२०७८/७९	अ.सव–ईन्जीनियर	स. चौथो	एक (१) जना	रु.५००।-	

१. दरखास्तदिने स्थान : लिम्चुङबुङ गाउँकार्यपालिकाको कार्यालय, बाराहाउदयपुर ।

२. परीक्षाको किसिम : लिखितर अन्तरवार्ता ।

३. उमेर : दरखास्त फारम भर्ने अन्तिम मितिसम्ममा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने छ तर महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने छ ।

४. कामगुर्न पर्ने स्थान : लिम्चुङबुङ गाउँपालिका क्षेत्रभित्र ।

५. सेवा सुविधा : नेपाल सरकारको प्रचलिततलब स्केल बमोजिम ।

६. दरखास्तदिने अन्तिमदिन सार्वजनिकविदा परेमा सो को भोलिपल्टसम्म दरखास्त बुझाउन सकिने छ ।

७. दरखास्त फारम र सूचना यस लिम्चुङबुङ गाउँकार्यपालिकाको कार्यालयबाराहा र पालिकाको बेभसाईट **www.limchungbungmun.gov.np** बाटसमेत प्राप्त गर्न र हेर्न सकिने छ ।

८. दरखास्तफारम साथ पेश गर्नु पर्ने आवश्यककागजातहरु :

क) नेपाली नगरिकताको प्रमाणपत्रको प्रतिलिपी,

ख) बि.नं १६/२०७८/७९को लागि मान्यताप्राप्त शैक्षिक संस्थाबाट अ.न.मी. उत्तीर्ण वा सम्वन्धित विषयमा माथिल्लो योग्यता हासिल गरी नेपाल नर्सिङ काउन्सिलमा दर्ता तथा नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपी,

ग) बि.नं. १७/२०७८/७९ को लागि मान्यताप्राप्त शैक्षिक संस्थाबाट सिभील इन्जिनियरिङ प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण वा सम्वन्धित विषयमा माथिल्लो योग्यता हासिलगरेको प्रमाणपत्रको प्रतिलिपि साथै चारित्रिक प्रमाण पत्रको प्रतिलिपी,

घ) कार्य अनुभवभए सो को प्रमाणपत्रको प्रतिलिपि तथा पदसँग सम्वन्धित तालिमभए सो को प्रमाणपत्रको प्रतिलिपी,

ङ) हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रतिफोटो । पेश गरिएका सबै प्रतिलिपीहरुको पछाडी उम्मेदवार .स्वंयमले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ ।

९.विज्ञापन गरिएको पदको परिक्षाको पाठ्यक्रमलोक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

१०.दरखास्त दस्तुर वापतको रकम यस लिम्चुङबुङ गाउँपालिकाको कार्यालयको नेपाल एसबिआई बैंक लिम्चुङबुङ शाखामारहेको खाता नं.४३२९५२४१२०७००४ (आन्तरिक राजश्वखाता) मावुझाई सो को सक्कल रसिद दरखास्तफारम साथ राख्नु पर्नेछ ।

११. यस सम्बन्धमा थप जानकारीको लागि लिम्चुङबुङ गाउँपालिकागाउँकार्यपालिकाको कार्यालय, बाराहा, उदयपुर तथा स्वास्थय शाखा प्रमुखको मोवाईल नं.९८४२८२८५९६ वा ईन्जिनियरको मोवाइल नं. ९८४२८३७६२२ मा सम्पर्क राख्न सकिने छ ।

१२. सम्पर्क मिति : अन्तिम मितिको भोलिपल्ट र सो दिन सार्वजनिक विदा परेमात्यस पछि कार्यालय खुल्ने पहिलो दिन ।

१३.आवेदन ढाँचा यस गाउँपालिकाको वेबसाईट **www.limchungbungmun.gov.np** बाट समेत प्राप्त गर्न र हेर्न सकिने छ ।

१४. सूचनामा उल्लेख भएबाहेक अन्य कुराहरु तोकिएको बमोजिमहुनेछ ।

–प्रमुखप्रशासकियअधिकृत

परम्परागत ठेकी पेशा संकटमा

एक्सप्रेस सम्वाददाता

भोजपुर, चैत ९ ।

'कालो ठेकी नारान कालो काठको
रातो ठेकी दारको
दिन आउँछ रिन्दै घुम्दै जोवन एक बारको
हजुर कमैं रिसाउने'(कालो ठेकी उस्ताद साहिँला)

परम्परागत रुपमा गरिँदै आएको काठको ठेकी बनाउने पेशा संकटमा पर्न थालेको छ । विगत वर्षमा धेरैले सो काम गर्दै आए पनि अहिले हराउन लागेको छ । संरक्षणको अभाव तथा पुस्तान्तरण नहुँदा पेशा संकटमा पर्दै गएको यस क्षेत्रमा आवद्ध मानिस बताउँछन् ।

धेरै मेहनतका साथ खोलाखोल्सीको चिसोमा बसेर काम गर्दा पनि राम्रो आर्थिक उपार्जन नहुने भएपछि मानिसले पेशा छाड्दै गएको ५० वर्षभन्दा बढी समयदेखि चुँदारा पेशा गर्दै आएका टेम्केमैयुङ गाउँपालिका(८ गोगनेका रत्नवहादुर विश्वकर्माले बताए ।

उनले भने, 'मेहनत धेरै गर्नुपर्छ । कामअनुसारको आम्दानी हुँदैन । धेरै दुख गर्नुपर्ने भएकाले नयाँ पुस्ताले चासो दिँदैनन् । खोलाखोल्सीमा चिसोमा बस्नुपर्ने हुँदा स्वास्थ्य समस्याको जोखिम छ । हाम्रो पुखौंली पेशा सङ्कटमा पर्न थालेको छ । यसको संरक्षणमा सरकारले ध्यान दिए हुनेथियो ।' काठको सामग्री बनाउनका लागि दार, पँयले, लोठसल्ला, मौवा, कटहरलगायत रुखको काठ उपयोगी हुने बताइन्छ । उनका अनुसार पछिल्लो समय त्यस्ताको काठसमेत अभाव हुँदै गएको छ । 'काममा त दुख छँदैछ । अझ काठको पनि अभाव छ । गाउँले आफैंले काठ खोजेर ल्याए भने हामी बनाइदिन्छौं । हामीले ज्याला मात्र लिने हो', रत्नवहादुरले भने, 'हामीले एक पाथी जाने ठेकी बनाएको रु २५० देखि रु ३०० सम्म ज्याला लिने गरेका छौं । दुई जनाले दिनभर काम गरेको रु एक हजार पाँच सयसम्म हुन्छ ।'

आफूले पाउँदै आएको ज्याला समयसुहाउँदो नभएको उनको गुनासो छ । मेहनतका आधारमा प्रतिफल नहुने र नयाँ पुस्ताले चासो नदिँदा पेशा हराउने अवस्थामा पुगेको उनले बताए । रत्नवहादुरले भने, 'यो काम गरेर हामीले जीवन गुजारा गर्न सकेका छैनौं । हिउँदका समयमा खोलामा पानी कम हुने भएकाले काम निरन्तर हुँदैन, वर्षात्मा मात्र हुन्छ । काम गर्न झन्झट हुने भएकाले धेरैले सो पेशा नै गर्न छाडे । हामी दुई मिलेर काम गरिरहेका छौं । धेरैतिर बोलाएका हुन्छन् । समय दिन पनि गाह्रो हुन्छ । पेशा जोगाउन नै समस्या छ ।''

खोलाबाट भिरालो ठाउँमा पानी ल्याएर डुँडबाट पङ्गामा खसाई काठलाई घुमाएर फलामको सानो धारिलो हतियार (बाँक) का सहायताले काठ कोपेर विभिन्न आकारको सामग्री बनाउने गरिन्छ । त्यसका साथै हातले यन्त्र घुमाएर पनि काठका सामग्री बनाउन चलन छ । चुँदाराले कलात्मक रूपमा काठबाट ठेकी, हर्पे, तोइवाको भाडो, गम्बुलगायत विभिन्न सामग्री बनाउँदै आएका छन् । हालसम्म परम्परागत शैलीमा हुँदै आएकाले यसलाई आधुनिक उपकरण प्रयोग गरेर सञ्चालन ल्याउन सके काम गर्न सहज हुने चुँदारा काम गर्दै आएका अर्का स्थानीयवासी जङ्गवहादुर विकले बताए । उनले भने, 'हामीले बलका भरमा परम्पगत रुपमा काम गरिरहेका छौं । बाउबाजेले जसरी गरे, हामीले पनि त्यही विधिअनुसारको काम गर्दैआएका छौं । आधुनिक उपकरण खरिद गर्नका लागि स्थानीय सरकार तथा सरोकार पक्षबाट सहयोग गरे हुने थियो तर यो पेशाको संरक्षणमा खास कसैको सहयोग छैन।'

पेशा जोगाउन नयाँ पुस्तालाई आकर्षित गर्नुपर्ने जङ्गवहादुरको भनाइ छ । तालिमको व्यवस्था गरेर सीप सवैमा विस्तार गर्नुपर्ने उनले बताए ।

'सीप विस्तार गर्न सकिएन भने काम गर्ने मानिस पाउन मुस्किल छ। राज्यका तर्फबाट जीवन गुजरा गर्न सक्नेसम्मको वातावरण निर्माण भयो भने पेशा बचाइराख्न सकिन्थ्यो जस्तो लाग्छ । अहिले पनि हामीले काम गर्न आवश्यक सामग्री जुटाउन नै समस्या छ।' उनले भने। काष्ठ पैदावारबाट पेशा सञ्चालन हुने भएकाले यसको संरक्षण तथा विकासमा अन्य निकायसँग सहकार्य गरेर जीवन्त राख्न पहल गरिने डिभिजन वन कार्यालयका प्रमुख विष्णुलाल घिमिरेले बताए । उनले भने, 'मैले भोजपुरको चोलन्तीमा पुरोर काम गरिरहके ठाउँबाट नै उनीहरूको समस्या सुनें । उपयुक्त काठको अभाव रहेको जानकारी पाएको छु । वन कार्यालयले त्यस्ता काठको संरक्षण तथा थप विस्तारमा सहयोग गर्ने योजना बनाएको छ । यस्ता परम्परागत पेशाको संरक्षणमा सवैले ध्यान दिनुपर्ने ठानेको छु'

संरक्षण गरिने

टेम्केमैयुङ गाउँपालिकाले यसको संरक्षणमा ध्यान दिने बताएको छ । उनीहरूको समस्याको थप पहिचान गरेर नयाँ पुस्तालाई समेत समावेश गर्दै पेशालाई जीवन्तता दिइने गाउँपालिका अध्यक्ष बराज राईले बताए । उनले भने, 'यो एउटा परम्परागत पेशा हो । यसको संरक्षण गर्नु हाम्रो दायित्व हो । आगामी दिनमा यसलाई थप आधुनिकता दिँदै आवश्यक साथ सहयोग संरक्षण गर्ने मेरो योजना छ ।'

यो पेशामा आवद्ध रहेकाहरूको तथ्याङ्क सङ्कलन गरेर समस्याको पहिचान गरी पेशालाई निरन्तरता दिन पहल गरिने आश्वासन अध्यक्ष राईले दिए । 'यो पुरानो शैलीमा सञ्चालन भइरहेको छ। सहज रूपमा सञ्चालन गर्नका लागि विद्युतीय उपकरणको प्रयोग गर्नुपर्छ, अध्यक्ष राईले भने, 'मेहनतअनुसारको ज्याला पाउने गरी यसलाई कसरी थप विस्तार गर्ने भन्ने सोच गाउँपालिकाको छ ।'

परम्परागत रुपमा सञ्चालन हुँदै आएका यस्ता पेशाको संरक्षणमा सरोकार पक्षले ध्यान दिनपर्ने स्थानीयवासी एकराज विष्टले बताए । राज्यका तहबाट यस्ता पेशालाई प्राथमिकता नदिइने हो भने नयाँ पुस्ताका लागि इतिहास हुने उनको भनाइ छ । रैथाने परम्परगत पेशाको संरक्षण गर्नका लागि ठोस योजना बनाउन आवश्यक रहेको उनले बताए । विष्टले भने, 'जसरी हुन्छ, यो पेशा जोगाउनु पर्ने अवस्था छ । धेरैले पेशा छाड्दै जाँदा यस्तो काम गर्ने मानिस पाउन नै मुस्किल छ । अब पनि संरक्षणमा ध्यान नदिने हो भने पेशा लोप हुने पक्का जस्तै छ'

गोरस अभाव

केही बूढापाकाले स्थानीयस्तरमा काठका सामग्री बनाउने चुँदाराको काम गरिरहे पनि यो व्यावसायिक रुपमा भने कसैले पनि गरेको पाइँदैन । व्यावसायिक रुपमा काम अघि नवढाउँदा पेशा झनै सङ्कटमा परेको समाजका अगुवाले बताउने गरेका छन् । खास गरेर गाउँघरमा गाईभैंसीको दूध, दही र नौनी जमाउनका लागि काठका भाँडा प्रयोगमा आउने गरेका छन् । पछिल्लो समयमा गाईभैंसीपालन पेशा पनि मानिसले छाड्दै गएको अवस्थाले गोरसका अभावमा ठेकीको काम पनि त्यति आउँदैन ।

व्यावसायिक रुपमा काम नगरिँदा आवश्यक परेका खण्डमा तत्काल पाउन मुस्किल हुने देखिएपछि मानिसले वजारमा आएका विभिन्न खालका भाँडा प्रयोग ल्याउने - ***बाँकी २ पेजमा***